# लोक सेवा आयोग

## नेपाल न्याय सेवा, न्याय/कानून/सरकारी वकील समूह, राजपत्र अनंकित प्रथम श्रेणी, नायब सुब्बा वा सो सरह पदको द्वितीय चरणको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/३/१५

समय: २ घण्टा ३० मिनेट | पूर्णाङ्क: १००

पत्र: तृतीय

विषय: सेवा समूह सम्बन्धी

**(Service-Group Related Subject)**

तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

### खण्ड (Section) – A — 30 Marks

1. विनियम भन्नाले के बुझिन्छ ? विनियम बनाउने अधिकारमा रहेका सीमाहरू उल्लेख गर्नुहोस् । 2+3=5

   What is meant by By-laws? Mention the limitation on the power to make By-laws.

2. नेपाल राजपत्रको परिचय दिनुहोस् । नेपाल राजपत्रको के-कस्ता महत्वहरू रहेका छन् ? उल्लेख गर्नुहोस् । 2+3=5

   Introduce Nepal Gazette. What are the importance of Nepal Gazette? Mention.

3. कानून तर्जुमा गर्दा विचार गर्नुपर्ने कुराहरू के-के हुन् ? स्पष्ट पार्नुहोस् । 5

   What are the things to be considered while drafting a law? Clarify.

4. कस्तो निकायलाई अर्ध न्यायिक निकाय भनिन्छ ? संक्षेपमा चर्चा गर्नुहोस् । 5

   What kind of body is called a quasi-judicial body? Discuss briefly.

5. रिट भन्नाले के बुझिन्छ ? परमादेश र उत्प्रेषणबीचको भिन्नता स्पष्ट पार्नुहोस् । 3+7=10

   What is meant by writ? Clarify the difference between mandamus and certiorari.

### खण्ड (Section) – B — 40 Marks

6. संवैधानिक इजलाशको क्षेत्राधिकार उल्लेख गर्नुहोस् । 5

   Mention the jurisdiction of the Constitutional Bench.

7. कानूनले हदम्याद र म्याद निर्धारण गर्नुको उद्देश्य स्पष्ट गर्दै तिनीहरू बीचको भिन्नता उल्लेख गर्नुहोस् । 2.5+2.5=5

   Clarifying the purpose of prescribing limitation and time limits by law, mention the differences between them.

8. वारिसनामा भन्नाले के बुझिन्छ ? यसको कानूनी महत्वबारे संक्षिप्तमा चर्चा गर्नुहोस् । 2+3=5

   What is meant by Power of Attorney? Discuss about its legal importance in brief.

9. जिल्ला अदालतका फाँटवालाको प्रमुख कामहरू के-के हुन् ? बुँदागत रुपमा उल्लेख गर्नुहोस् । 5

   What are the key duties of a Phantwala at the District Court? Mention them in points.

10. "स्वच्छ सुनुवाई" भन्नाले के बुझिन्छ ? यसको सिद्धान्तबारे संक्षेपमा चर्चा गर्नुहोस् । 2+3=5

    What is meant by "Fair Hearing"? Briefly discuss about its principle.

11. अदालतमा सूचना प्रविधिको प्रयोगको महत्वबारे चर्चा गर्नुहोस् । 5

    Discuss about the importance of the use of information technology in court.

12. कानूनी कारबाहीमा साक्षी बकपत्रको आवश्यकता किन पर्छ ? साक्षी बकपत्र गर्दा गरिने सोधपुछ, जिरह र पुनः सोधपुछको अवधारणा र सीमा उल्लेख गर्नुहोस् । 3+4+3=10

Why is the need of witness testimony in legal proceedings? Outline the concepts and limitations of examination, cross-examination and re-examination during the recording of a witness's statement.

## खण्ड (Section) – C **30 Marks**

13. नेपालमा महान्यायाधिवक्ताको नियुक्ति कसरी हुन्छ ? महान्यायाधिवक्ताको संवैधानिक काम, कर्तव्य र अधिकारहरू के के हुन् ? उल्लेख गर्नुहोस् । 1+4=5

How is the Attorney General appointed in Nepal? What are the constitutional functions, duties and power of Attorney General? Mention.

14. अभियोगपत्र भनेको के हो ? अभियोगपत्रमा उल्लेख गर्नुपर्ने मुख्य-मुख्य विषयहरू के-के हुन् ? लेख्नुहोस् । 2+3=5

What is chargesheet? What are the major subjects to be mentioned in chargesheet? Write down.

15. कसुरदार जीवित रहेसम्म कैद गर्नुपर्ने कसुरहरू बारे चर्चा गर्नुहोस् । 5

Discuss about the offences for which the offender shall be sentenced to imprisonment for the rest of his/her life.

16. कारागार तथा हिरासतमा रहेका कैदी बन्दीका अधिकारहरू लेख्नुहोस् । 5

Write down the rights of the prisoners in the prison and custody.

17. अपराध पीडितका प्रकारहरू के-के हुन् ? नेपालको कानूनले अपराध पीडितलाई प्रदान गरेका अधिकारहरू लेख्नुहोस् । 4+6=10

What are the types of victim of crime? Write down the rights of victim of crime as provided by law of Nepal.

«««समाप्त»»»